BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# 'मैदारो' उपन्यासमा वर्गीय पक्षधरता

**प्रभा मरहट्ठा कोइराला**

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन।
E-mail: koiralaprabha@gmail.com

Received: September 15, 2025, Accepted: Dec. 10, 2025
DOI: 10.3126/bmcjsr.v8i1.87940

**सारसङ्क्षेप**

*प्रस्तुत लेख २०७५ सालमा प्रकाशित मैदारो उपन्यासमा अभिव्यक्ति वर्गीय पक्षधरता अध्ययनमा आधारित छ। मैदारो भूपिनको पहिलो उपन्यास हो। यस उपन्यासमा पञ्चायतकालीन ग्रामीण परिवेशदेखि प्रजातन्त्रको पुनःस्थापना, व्यवस्था फेरिए पनि शोषण, दमन, अत्याचार यथावत रहँदा जनविद्रोको सुरुवात, चर्को दमन, प्रतिरोध, रक्तपातपूर्ण सङ्घर्षका परिवेश आख्यानीकरण गरिएको छ। उपन्यासमा नेपाली समाजका वर्गीय पात्र, समस्या, विचार, उद्देश्य, पक्षधरता स्पष्ट आएका छन्। यसर्थ यस लेखमा उपन्यासमा व्यक्त पक्षधरता केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्यले मार्क्सवादी मान्यताका आधारमा दृष्टान्त दिएर अध्ययन गरिएको छ। उपन्यासमा व्यक्त शोषण, दमन, वर्गीय प्रतिरोध, युद्धको विध्वंस, विस्थापन आदिको अध्ययनमा पाठ विश्लेषणलाई उपयोग गरिएको छ। यस अध्ययनबाट उपन्यासमा मार्क्सवादी विश्वदृष्टि रहे पनि निम्नवर्गीय उत्पीडित जनतामाथि सहानुभूति प्रकट गरी सोही वर्गीय पक्षधरता रहेको निष्कर्ष निकालिएको छ। उपन्यासमा जातीय, आर्थिक विभेदका यथार्थ परिवेश, शोषक, शासकहरूले निम्नवर्गीय दलित जनतामाथि गर्ने अत्याचार स्पष्ट आएको छ। बहुल पात्र रहेको यस उपन्यासमा वर्गीय पक्षधरताका दृष्टिले सचेत, सक्रिय पात्र कला मात्र रहेको देखिन्छ। जनविद्रोहमा सहभागी कला मारिएको परिवेशले उत्पीडित वर्गीय उत्थान र सशस्त्र जनविद्रोहको दुःखद परिणाम आएको छ। उपन्यासमा उत्पीडित वर्गीय समस्या, सङ्घर्षप्रति सहानुभूति प्रकट गरिए पनि अग्रगामी चिन्तन र निकासको बाटो आएको देखिँदैन। सामाजिक रूपान्तरण, वर्गीय उत्थानका निम्ति समग्र विभेद, कठिनाइहरूसँग सचेत भई जुध्न नसक्ने, कमजोर मानसिकताको रुन्चे, कायर पात्र नदीनका गतिविधिमार्फत शान्तिपूर्ण विद्रोहको पक्षपोषण गरिएको छ। उत्पीडित वर्गीय, शिक्षित भए पनि वर्गीय, जातीय उत्थानमा जाग्न नसक्ने नदीनलाई नायकत्व दिई ऊभन्दा सचेत विद्रोही पात्र कलालाई छायामा पारिएको छ। कला मारिएपछि अबोध छोरी अलपत्र छोडी भीरबाट हाम्फालेको परिवेशले नदीनको त्याग र समर्पण केमा भन्ने शङ्का जन्माएको छ। यसर्थ उपन्याासमा उत्पडित वर्गीय पक्षधरता रहे पनि आमूल परिवर्तनको सपना छैन। उत्पीडितले शान्तिपूर्ण विरोध गरे पनि समाज सुधार हुने दृष्टिकोण छ। उपन्यासमा वर्गीय मुक्ति, उत्थानका निम्ति क्रान्तिको अनिवार्यता स्पष्ट नआएको निष्कर्ष यस लेख निकालिएको छ।*

**शब्दसूची** : *उत्पीडन, दमन, प्रतिरोध, विद्रोह, शोषण।*

## १.१ विषयपरिचय

प्रस्तुत अध्ययनलाई *मैदारो* उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरता अध्ययनमा केन्द्रित गरिएको छ। २०७५ सालमा प्रकाशित *मैदारो* नेपाली समाजका सामाजिक, आर्थिक, राजनीतिक यथार्थ र मिथकको मिश्रण गरिएको उपन्यास हो। यसका रचनाकार भूपिन हुन्। *मैदारो* उनको पहिलो औपन्यासिक कृति हो। उनका यसअगाडि *क्षतिग्रस्त पृथ्वी र मूल सडक* (२०५३), *हजार वर्षको निद्रा* (२०६६), *सुप्लाको हवाइजहाज* (२०७२) गरी तीनवटा कवितासङ्ग्रह र *चौबिस रिल* (२०६९) निबन्धसङ्ग्रह प्रकाशित भएका देखिन्छन्। उनका प्रकाशित कृतिहरू प्रगतिशील चिन्तनमा आधारित छन्। *मैदारो* उपन्यासमा पनि बागलुङको अँधेरी गाउँमा सदियौँदेखि उत्पीडन, दलनमा पारिएका निम्नवर्गीय जनताको जिन्दगी न माथि

उक्लन सकिने, न तल हाम्फालेर मर्न सकिने पाटे भीरमा अड्किएको बाख्राको जस्तै बनेको बर्णन गरिएको छ। उपन्यासमा जातीय, वर्गीय विभेदयुक्त नेपाली समाज, वर्गीय चरित्र, विचार, परिवेशका बहुल पात्र छन्। उपन्यासको कथानकले नेपालका पहाडी भूभागका लैङ्गिक, जातीय विभेद, वर्गीय दमन, शोषण, अन्तरविरोधयुक्त आर्थिक, सामाजिक, राजनीतिक परिवेशको प्रतिनिधित्व गरेको छ। उपन्यासमा वर्गीय समाजका यथार्थ उत्पीडन स्पष्ट पार्ने मिथक पनि संयोजन गरिएको छ।

उपन्यास सामाजिक जनजीवनका सम्पूर्ण यथार्थहरू नजिकैबाट बोध गर्न सकिने विधा हो । नेपाली उपन्यासहरूमध्ये प्रगतिशील उपन्यासहरूमा वर्गीय पक्षधरता सचेत रूपमा प्रस्तुत गरिएको पाइन्छ। यस्ता कतिपय उपन्यासमा वर्गीय द्वन्द्व नै सशक्त रूपमा चित्रण गरिएको पनि पाइन्छ। मार्क्सवादअनुसार निम्नवर्गीय पक्षधरता रहेका उपन्यासमा मानवता, मानवीय संवेदनाको पक्षपोषण गरिएको हुन्छ। यस्ता उपन्यासमा समाजका सामन्ती शोषक, शासकहरूले गरेका अत्याचार, लैङ्गिक, जातीय विभेद, दमन, शोषण आदि यथार्थ उद्घाटन गर्दै त्यसको विरोध गरिएको हुन्छ। समाजका सामन्तीहरूका प्रवृत्ति, दम्ब, शक्ति, सत्ताको उन्माद तथा निम्नवर्गीय जनतामाथि थोपरिएका उत्पीडन, थिचोमिचोका यथार्थ आएको हुन्छ। यस्ता आख्यानमा मानवीय संवेदनाहीन व्यवहारहरू चित्रण गर्दै उत्पीडक शोषक, सामन्तीका अत्याचारी प्रवृत्तिहरूप्रति घृणा र उत्पीडित वर्गमाथि सद्भाव तथा सहानुभूति प्रकट गरिएको हुन्छ। मानवीय मूल्य र श्रमको सम्मान गर्नुपर्ने दृष्टिकोण राख्दै रचना गरिएका यस्ता उपन्यासमा जनजागरण र आमूल परिवर्तनको खोजी गरिएको हुन्छ।

मार्क्सवादअनुसार वर्गीय पक्षधरता रहेका उपन्यासमा वर्गीय मुक्ति र स्वन्त्रताका निम्ति समाजको आमूल परिवर्तनको आवश्यकता औंल्याइएको हुन्छ। निम्नवर्गीय उत्पीडित जनताका समस्या र सङ्घर्षहरू उद्घाटन गर्दै वर्गीय उत्थानका निम्ति विद्रोही आवाज मुखरित गरिएको हुन्छ। यस्ता उपन्यासमा निम्नवर्गीय, सङ्घर्षशील, विद्रोही नायक तथा नायिका चयन गरी वर्गीय सचेतना विकासको पक्षपोाषण गरिएको हुन्छ। उत्पीडित जनताको विद्रोहप्रति समर्थन र सहानुभूति प्रकट गरिएको हुन्छ। यसर्थ यस लेखमा नेपाली समाजका वर्गीय, सामाजिक, आर्थिक, राजनीतिक परिवेश, अन्तरविरोध, जातीय विभेदले निम्त्याएका समस्यालाई आख्यानीकरण गरिएको *मैदारो* उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरता अध्ययन गर्ने उद्देश्यमा अध्ययनलाई केन्द्रित गरिएको छ। मार्क्ससवादी प्रगतिवादी दृष्टिकोणका कसीमा उपन्यासमा अभिव्यक्त वर्गीय पक्षधरता मात्रै अध्ययन, विश्लेषण गर्ने उद्देश्य राखिएको हुँदा यही नै यस लेखको सीमा पनि रहेको छ।

## १.२ अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्रीहरू पुस्तकालयीय कार्यमार्फत सङ्कलन गरी अध्ययन तथा विश्लेषणका लागि आवश्यक पर्ने सामग्रीहरू छनौट गरिएको छ। अध्ययन गर्ने क्रममा *मैदारो* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ भने द्वितीय सामग्रीअन्तर्गत उक्त उपन्यासका बारेमा लेखिएका समीक्षात्मक लेख, टिप्पणी, मार्क्सवादी अवधारणा रहेका पुस्तकलाई उपयोग गरिएको छ। वर्गीय समाजको साहित्य वर्गीय नै हुने हुँदा साहित्यमा अभिव्यक्त वर्गीय पक्षधरता अध्ययनका निम्ति मार्क्सवादी वर्गीय पक्षधरतासम्बन्धी अवधारणा निर्माण गरिएको छ। वर्गीय पक्षधरता अध्ययन गर्दा उपन्यासमा अभिव्यक्त पात्रगत भूमिका तिनीहरूका वर्गबोध, वर्गीय सचेतना विकास, वर्गीय एकता, सामूहिक तथा सङ्गठित विद्रोहलाई अध्ययन र विश्लेषण गरिएको छ। साहित्यिक अनुसन्धानात्मक अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा यस अध्ययनमा आगमनात्मक पद्धतिअनुसार पाठ विश्लेषणविधि अवलम्बन गरिएको छ।

## १.३. वर्ग पक्षधरतासम्बन्धी माक्सर्सवादी सैद्धान्तिक अवधारणा

मार्क्सवादअनुसार वर्गीय समाजको कला र साहित्य पनि वर्गीय नै हुन्छ। वर्गीय समाजमा धनी र गरिब, शोषक र शोषित, शासक र शासित वा उत्पीडक र उत्पीडितजस्ता मुख्य दुई वर्ग हुन्छन्। यी वर्गका बिचमा निरन्तर सङ्घर्ष, अन्तर्विरोध चलिरहन्छ। वर्गीय समाजका स्रष्टाहरूले यही अन्तर्विरोध, सङ्घर्षलाई आफ्ना कला साहित्यमार्फत अभिव्यक्त गरेका हुन्छन्। यसर्थ वर्गीय कला र साहित्य समाजकै उपज हुन्। वर्गीय समाजका साहित्यले कुनै एउटा वर्गका उद्देश्य, स्वार्थमा केन्द्रित भई त्यही वर्गको सेवा गरेका हुन्छन्। वर्गीय समाजका साहित्यले भिन्नभिन्न वर्गका भिन्नभिन्न विचारहरूको पनि प्रतिनिधित्व गरेका हुन्छन् (ज्ञवाली, २०६८, पृ. ६५)। साहित्यका अन्य विधाभन्दा आख्यानमा प्रयोग गरिएका पात्रहरूका वैचारिक

चिन्तन तथा भूमिकामार्फत उनीहरूको वर्ग पक्षधरता स्पष्ट आएको हुन्छ। समाजका उत्पीडक शोषक, शासक वर्गले कला साहित्यलाई निम्नवर्गीय जनतामाथि शोषण, दमन गर्न, प्रभुत्व, नियन्त्रण बलियो बनाउन उपयोग गरेका हुन्छन्। उत्पीडित वर्गीय पक्षधरता रहेका स्रष्टाले शोषक, शासकका शोषण, दमन, प्रभुत्वको विरोध गर्दै समतामूलक, न्यायमूलक समाज स्थापनाका निम्ति विद्रोही चेतना विकासको पक्षपोषण गरेका हुन्छन्। तर सत्तारूढ वर्ग कलामार्फत आफ्नो सेवा गर्ने सशस्त्र मानिसहरूका विशेष दलहरू गठन गर्न प्रयत्नशील रहन्छन्। त्यसको विरोध गर्ने उत्पीडित वर्ग पनि शोषितहरूको सेवा गर्ने नयाँ सङ्गठन बनाउन प्रयत्नशील हुन्छन् र प्रत्येक क्रान्तिले राज्य संयन्त्रलाई चकनाचुर पारेर वर्ग सङ्घर्षको अधिक स्वरूप देखाइदिन्छ (लेनिन, सन् १९८५, पृ. १४)। यही यथार्थ मार्क्सवादी साहित्यमा आएको हुन्छ। यसले वर्गीय सचेतना विकास गरी वर्गीय उत्पीडनबाट मुक्तिका निम्ति सहयोग गरेको हुन्छ।

मार्क्सवादअनुसार उत्पीडित वर्गीय सचेतना विकासले नै सचेत विद्रोह, प्रतिरोधका निम्ति शक्ति प्रदान गर्दछ। सामाजिक रूपान्तरणका निम्ति सचेतना विकास गर्नु मार्क्सवादी साहित्यको प्रयोजन हुन्छ। श्रमको सम्मान गर्नुपर्छ, श्रमजीवी जनताका हक, अधिकार सुनिश्चित गरिनुपर्छ भन्ने मान्यताका साथ रचना गरिने मार्क्सवादी साहित्यमा शोषक, शासकहरूका कुकृत्यहरू खोतलिएको हुन्छ। यसर्थ वर्गीय समाजको कला साहित्य, जीवनदर्शन, धर्म, भावना, सुखानुभूति, दुखानुभूति, एकता, प्रेम, विचार, नैतिकता, अनुशासन, संवेदना, सत्य, आनन्द, हाँसो, रोदन आदि सबै वर्गीय र विभेदकारी नै हुन्छन्। यस्ता समग्र विभेद र अत्यचारको विरोधी भौतिकवादले जनताको भलाई, मानवजातिको प्रगतिको निम्ति चासो लिन्छ भने आध्यात्मवादले प्रगतिशील सामाजिक शक्तिका विरुद्धमा प्रतिक्रियावादी शक्तिलाई सहयोग गर्दै श्रमिकहरूलाई दास बनाउन धर्मको उपयोग गर्छ र पुँजीवादी व्यवस्थाको विश्वासिलो रक्षक र समर्थक बन्छ (आफानास्येभ, २०५४, पृ. १६)। यसर्थ वर्गीय समाजमा उत्पीडक शोषक, सामन्ती वर्गलाई खुसी, आनन्द मिल्ने घटना, विषयवस्तु, कला उत्पीडित वर्गलाई कुरूप लाग्न सक्छन् भने उत्पीडित जनतालाई सुखानुभूति, आनन्द मिल्ने घटना, विषयवस्तु, कला उत्पीडक वर्गलाई कुरूप लाग्न सक्छन्। कला साहित्यमा प्रतिबिम्बित सामाजिक यथार्थले वर्गीय चेतनालाई घनिभूत पार्छ, तीव्र विशिष्टतासहित आउँछ, जसले पाठकमा व्यापक प्रभाव पर्छ (ज्ञवाली, २०६८, पृ. ६५)। समाजका उत्पीडक निम्नवर्गीय श्रमजीवी, किसान, सर्वहारा जनतामाथि शोषण, दमन, अत्याचार गर्दा आनन्दित हुन्छन् भने उत्पीडित जनता शोषण, दमन, अत्याचार विरुद्ध सचेत विद्रोह, प्रतिरोध गर्दा, अत्याचारबाट मुक्ति पाउँदा आनन्दित हुन्छन्। यसर्थ समाजका उत्पीडक वर्गका आनन्द अनैतिक, अस्वभाविक, कुरूपतामा आधारित हुने हुँदा समाजका उत्पीडक वर्गका जीवनदर्शन र उत्पीडित वर्गका जीवनदर्शनमा भिन्नता हुन्छ। यस्तो दर्शन निश्चित युगको, निश्चित वर्गको उपज हो, जसले युगको आवश्यकता प्रतिबिम्बन गर्दछ (ज्ञवाली, २०६८, पृ. ६५)। यही कारण वर्गीय समाजमा अन्तर्विरोधबाट सामाजिक रूपान्तरणको सुरुवात हुन्छ। यस्ता अन्तर्विरोधयुक्त समाजिक परिवेश प्रतिबिम्बन भएका साहित्यले सचेतना विकास, सचेत विद्रोहका निम्ति सहयोगी भूमिका खेलेका हुन्छन्। मार्क्सवादअनुसार कला साहित्यले संसारको संज्ञान मात्र होइन त्यसलाई बदल्नका लागि सहयोगी भूमिका पनि खेलेको हुन्छ र सुन्दर वा कुरूपको यथार्थ बोध गराएर कुरूपतालाई बदल्नका निम्ति सुन्दरका सहचार्यमा वैचारिक ऊर्जा पनि सम्प्रेषण गरेको हुन्छ (पाण्डेय, २०७३, पृ .१५०)। मार्क्सवादी साहित्यमा सधैँ सत्य, तथ्यमा आधारित सचेतनामुखी विचारको पक्षपोषण गरिएको हुन्छ।

वर्गीय उत्थानका निम्ति वर्गीय एकता, सङ्गठित विद्रोह, सङ्घर्ष गर्नुपर्ने सचेतना विकास गराउने उद्देश्यले प्रगतिवादी साहित्य रचना गरिएका हुन्छन्। ऋषिराज बरालअनुसार यस्तो साहित्यमा जन्मजात महान नभएर सङ्घर्षबाट खारिएर महान बनेका, सामाजिक जटिलताका समग्र पक्षहरूको प्रतिनिधित्व गर्ने, श्रमसौन्दर्य बोध गरेका, मुक्तिगामी सचेत पात्रलाई नायक बनाइएको हुनुपर्छ (बराल, २०५६, पृ.१२४-१२५)। मार्क्सवादी आख्यानमा निम्नवर्गीय नायकको सङ्घर्षशील, विद्रोही जीवनशैली उदात्तीकरण गरिएको हुन्छ। यसर्थ आख्यानमा आएका पात्रहरूका भूमिकाका आधारमा वर्गीय पक्षधरता अध्ययन गर्न सकिन्छ। आख्यानमा व्यक्त पक्षधरताले निम्नवर्गीय सचेतना विकास, सचेत विद्रोहलाई सहयोग गरेको हुन्छ। उत्पीडित वर्गीय पक्षधरता रहेका स्रष्टाले पात्रका माध्यमबाट समाजमा पुगेर समाज र मानव जीवनका उतारचढाव, घातप्रतिघातलगायत बाह्य द्वन्द्व तथा आन्तरिक द्वन्द्व उद्घाटन गर्दछन् (ज्ञवाली, २०६८, पृ. ९०)। अधिकांश उत्पीडित जनताका हक, हित र उत्थानका निम्ति लेखिएका यस्ता साहित्य जनसाहित्यका रूपमा स्थापित हुन्छन्। यस लेखमा वर्गीय

पक्षधरतासम्बन्धी मार्क्सवादी यही अवधारणका आधारमा *मैदारो* उपन्यासमा व्यक्त वर्गीय पक्षधरता के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्य राखिएको छ ।

## १.४. 'मैदारो' उपन्यासको परिवेशमा वर्गीय पक्षधरता

*मैदारो* उपन्यासमा नेपाली समाजको यथार्थ परिवेश छ । उपन्यासमा सामन्ती, सत्ताधारीहरूको एउटा वर्ग र शासित, उत्पीडित, निम्नवर्गीय जनताको अर्को वर्ग स्पष्ट आएको छ । यसमा निम्नवर्गीय जनतामाथि तथा जनविद्रोहका परिवेशहरू आएका छन् । बागलुङ जिल्लाको बलेवामा रहेको अँधेरी गाउँलाई केन्द्रबिन्दु बनाइएको यस उपन्यासमा पश्चिम नेपालका विभिन्न भूभागहरू, पोखरालगायत काठमाडौँसम्मका फरकफरक स्थान, नदीन सार्की, कला विष्टका फरकफरक अनुभूति, समस्या, विभेदका कहालीलाग्दा यथार्थ परिवेशहरू आएका छन् । सदियौँदेखि उत्पीडनमा पारिएका दलितहरूको प्रतिनिधि पात्र नदीन सार्कीलाई मुख्य भूमिका दिइएको छ । पञ्चायती व्यवस्थाको उत्तरार्धदेखि २०६५ सालसम्मका नेपाली समाजका उथलपुथल, सांस्कृतिक, राजनीतिक, आर्थिक गतिविधिहरू समावेश गरिएको छ । यस दृष्टिले उपन्यासमा करिब बीस वर्षको समयावधि समेटिएको देखिन्छ । जातीय, आर्थिक, वर्गीय विभेदले नेपाली जनजीवनमा पारेका प्रभाव, गरिबी, अभावका समस्यामा बाँचेका निम्नवर्गीय जनताको दयनीय अवस्था स्पष्ट आएको छ । यस्ता विचेद र उत्पीडनबाट मुक्तिका निम्ति शान्तिपूर्ण विद्रोह गर्ने वा सशक्त एवं सशस्त्र विद्रोह गर्ने भन्ने विचारका बिचमा पनि अन्तर्द्वन्द्व रहेको यथार्थ आएको छ । उपन्यासमा मध्यम वर्गीय, कथित कुलीन परिवारकी कला विष्ट र निम्नवर्गीय, अकुलीन नदीन सार्कीबिचको प्रेम, विद्यालय, सामाजिक तथा राजनीतिक गतिविधिसँग जोडिएका परिवेशहरूका माध्यमबाट समकालीन यथार्थ उद्घाटन गरिएको छ । उपन्यासमा गाउँलेहरूमाथि चर्को शोषण, दमन गर्ने तत्कालीन पञ्चका प्रतिनिधि पात्र हिम्मतसिंह बहुदल आएपछि चुनावी माहोलमा परी थापाको पार्टी प्रवेश गरेको परिवेशले शोषक, सामन्तीहरू जनक्रान्तिको नाटक गरेर पनि सत्तामा पुगी जनतामाथि दमन गर्ने अवसरको खोजीका हुने समकालीन यथार्थ स्पष्ट पारेको छ । उपन्यासमा दलाल, अवसरवादी वामपन्थीहरूका शक्ति, सत्तामा पुग्ने चलखेलहरूलाई नदीनमार्फत यसरी अभिव्यक्त गरिएको छ :

> प्रजातन्त्रको घामले सदियौँदेखि विभेद र असामानताको अँध्यारोमा बाँच्न विवश मानिसहरूको जीवनमा उज्यालो छर्ला भन्ने मेरो कत्रो विश्वास थियो । कसरी छरियोस् उज्यालो जबकि नयाँ व्यवस्थाका नाममा पुरानै विचारले नेतृत्व गरिरहेको थियो । बदलिएको व्यवस्था नयाँ बोतलमा भरिएको पुरानो रक्सीजस्तो थियो । पुरानो विचारले नयाँ मुखौटामा शक्तिको दुरुपयोग गर्न थालिरहेको थियो । हिम्मतसिंह यसको एक बलियो उदाहरण थियो ।
>
> ... पञ्चायत छोडेर कम्युनिस्ट राजनीतिमा लागेको हिम्मतसिंहले गाउँमा अरू नेताहरूलाई सामन्ती र नोकरशाही पुँजीपति भनेर आलोचना गर्न थालेको थियो । मैले अनुभव गर्न थालेको थिएँ, व्यवस्था परिवर्तन हुँदैमा मानिसहरूको सांस्कृतिक चिन्तन परिवर्तन भइहाल्ने ग्यारेन्टी नहुँदो रहेछ । ...मूल कुरा मानिसको चेतना र व्यवहारमा परिवर्तन आउनु पर्दोरहेछ । (पृ. १८०)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले व्यवस्था परिवर्तन भए तापनि पञ्चायतकालीन निरङ्कुश शासनसत्ताबाट प्रशिक्षित शोषक, सामन्तीहरू अनेक षड्यन्त्र गरी शक्तिदम्भमा सत्तामा पुगेपछि निम्नवर्गीय जनतामाथि उस्तै दमन, शोषण कायम राख्ने हिम्मतसिंहजस्ताका यथार्थ चरित्र उद्घाटन गरेको छ । समाजका समप्रभुता सम्पन्न वर्गले अन्य वर्गसँग सम्बन्धित व्यक्तिहरूका चिन्तन र तिनका भावनाहरूलाई फेर्न चाहन्छन् ताकि तिनका समग्र चेतना, संवेदना आफ्नै वर्गका हित अनुकूलका संस्कृतिद्वारा नियन्त्रित बनी तिनले आफूलाई फगत त्यसरी मात्र चिनिनु जसरी सम्प्रभुता सम्पन्न वर्ग तिनलाई चिन्न चाहन्छन् (ग्रेवाल, २०६७, पृ. २४०) । यस्ता यथार्थमा सचेत बन्दै गएको नदीनले गाउँमा बनाइएको जुम्लीधारामा एकातर्फ प्यासी बनेका बहुसङ्ख्यक दलित महिलाहरू पानी नपाएर लाइनमा बसेका र अर्कातर्फ एउटा धारामा एक्लै रजाई गरेको सामन्ती हिम्मतसिंहजस्ता अभिजात वर्गका ज्यादती स्पष्ट हुने चित्रकला निर्माणमार्फत जातीय विभेद र दलनको शान्तिपूर्ण विरोध गरेको छ । उसले समाजका अन्य विभेद, विकृति पनि उल्टा चित्रमार्फत विरोधमा रूपान्तरण गरेको छ । यसरी उल्टा चित्र बनाएर पनि उसले विभेद, विकृतिहरूको विरोध गर्ने नयाँ उपाय अपनाएको देखिन्छ । वामपन्थी राजनीतिमा पनि अवसरवादी हाबी हुँदै गएपछि नदीनजस्ता जनतामा राजनीतिप्रति वितृष्णा सिर्जना भएको छ । जीवनका भौतिक

अवस्थाहरूमा हुने भिन्नता समाजमा वर्गहरूको भेदको आधारभूत कारण र कसी हुन्, यस्ता भिन्नताले वर्गहरूको सम्पूर्ण चेतनामा, वर्गीय मनस्थिति र वर्गीय विचारधारामा प्रभाव पार्दछ (श्रेष्ठ, २०५६, पृ. १४०) । यसर्थ उपन्यासमा विभेदकारी तथा शोषणमुखी सामाजिक, सांस्कृतिक संरचनाले नदीन, कला, आकाशजस्ता युवा पात्रहरूको मनोविज्ञान, विचारमा नै विशेष प्रभाव पारेको छ । प्रजातन्त्रको पुनःस्थापनापछि पनि उस्तै शोषण, दमन, अत्याचारमा पारिएका उत्पीडित जनताका समस्या, उत्पीडनलाई नजिकैबाट नियालेका तथा वामपन्थी विचारबाट प्रशिक्षित बन्दै गएका कलाजस्ता विद्यार्थीहरूमा भने वर्गीय पक्षधतायुक्त विद्रोही सचेतना विकास भएको देखिन्छ । सामूहिक कला प्रदर्शनीमा राखिएका नदीनका उल्टा चित्रको विरोध गर्दै पहेँला वस्त्रधारीहरूले नदीनलाई मार्ने धम्की दिएपछि काठमाडौँबाट पलायन भएको नदीनमार्फत देशको कुरुप राजनीतिक स्थिति तथा विद्रोही चेतना उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> यही हो परिवर्तन । पञ्चायत कालमा राजसंस्थाको नाममा शक्तिमा थियो झङ्क थापा । राजसंस्था गएपछि शक्तिहीन भएको हो । शक्तिका लागि धर्मको सहारा लिएछ । परिवर्तनले जबसम्म झङ्क थापाहरूलाई शक्तिशाली बनाइरहन्छ भुत्रै पनि बदलिन्न देश । ... कुस्मीसेरामा भएको चुनावी सभामा परी थापाले हिम्मतसिंहलाई पार्टीमा प्रवेश गराएकी थिइन् । परी थापाले चुनाव त जितिन् तर पहिलाझै मेरो मन जित्न सकिनन् । अहिले उता हिमत सिंह गाउँको क्रान्तिकारी र यता भङ्ङ्क थापा धर्मको रक्षक । मलाई अठ्ठाहास गर्न मन लाग्यो, बौलाहा झैँ हाँसिदिए एक्लै कोठामा (पृ. २०३) ।

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले पञ्चायतकालीन प्रधानपञ्च, शोषक, सामन्ती तथा गाउँकै चेलीबेटीमाथि यौनजन्य दुर्व्यवहार गर्ने दुराचारीहरूको प्रतिनिधि पात्र हिम्मतसिंह क्रान्तिकारी बनेर कम्युनिस्ट पार्टीमा प्रवेश गरी शक्ति, सत्तामै पुगेका यथार्थ स्पष्ट पारेको छ । पञ्चायती व्यवस्था टिकाउन जनतामाथि चरम दमन गर्ने तत्कालीन पुलिस झङ्क थापाजस्ता पात्र बहुदलीय व्यवस्था आएपछि पनि धर्मरक्षक बनेर कलाका माध्यमबाट शान्तिपूर्ण विद्रोहमा लागेका नदीनजस्ता युवामाथि शोषण, दमनमै उत्रिने यथार्थ पनि उन्यासमा स्पष्ट आएको छ । व्यवस्था परिवर्तन भएतापनि यसरी पुरानै शोषक सामन्तीहरू शक्ति, सत्तामा रहुन्जेल सामाजिक, आर्थिक रूपान्तरण नहुने यथार्थ यसले उद्घाटन गरेको छ । नदीनका उल्टा चित्र विद्रोहका सूचक भन्ने बुझेको झङ्क थापाको समूहले नदीनलाई मार्ने धम्की दिएकोमा अन्य कलाकारहरूले विरोध पनि गरेका छन् । यस्ता कुरामा सचेत बनेको नदीन उत्पीडित जनताको साथ, सहयोग लिएर विद्रोहमा लाग्नुको सट्टा त्यहाँबाट पलायन भएर पोखरा आएको छ । पोखरामा आकाशसँग मिलेर छाया आर्ट ग्यालरीमा चित्रकला निर्माण र प्रदर्शनमा नै लागेको छ । त्यहाँ कलासँगको प्रेमलाई बिहेमा बदलेर बस्न थालेको नदीनभन्दा कला सचेत विद्रोही र सङ्घर्षशील रहेको देखिन्छ । बिहेपछि समाजले मात्र नभई आफ्नै बाआमाले समेत कलालाई बहिष्कार गर्नुको कारण एउटै थियो उनले नदीनजस्तो एक कथित अछुतसँग बिहे गरेकी थिइन् । यही कारण बुझेकी सचेत कलाले कुरूप संस्कार, समग्र विभेदका विरुद्धमा तथा वर्गीय उत्थानको सङ्कल्प राखेर युद्धमा सामेल हुने प्रस्ताव राख्दा नदीन खिन्न भएको छ । दुईका बिचमा वैचारिक द्वन्द्व सुरुवात भएको छ । एउटै छानामा बसे पनि कलाको विद्रोही विचारले जितेको छ । विचार यति शक्तिशाली हुँदो रहेछ कि यसले असल प्रेमीहरूको मस्तिष्कलाई पनि विभाजित गरिदिन सक्दो रहेछ (पृ. २५६) भन्ने यथार्थको धरातलमा ओर्लिएको नदीनको अभिव्यक्तिबाट कला र नदीनका बिचमा वैचारिक द्वन्द रहेको स्पष्ट हुन्छ । विद्यार्थीदेखि नै वामपन्थी विचारबाट प्रभावित बन्दै विद्यार्थी सङ्गठनमा आबद्ध भएर काम गरेकी कलामार्फत तत्कालीन वर्गीय समाजका यथार्थ, नारीहरूप्रतिको दृष्टिकोण र तिनीहरूको अवस्था, वर्गीय अन्तरविरोध, विभेद, दलन तथा वर्गद्वन्द्वयुक्त परिवेश यसरी व्यक्त गरिएको छ :

> राज्य र माओवादी दुवै पक्षबाट गाइएको बारुद, बम र बन्दुकको भक्तिगान जताततै प्रसारित भइरहेको थियो । समाचारपत्र मरेका मानिसहरूका तस्बिरहरूले भरिन थालेका थिए । नमारिएका नागरिकहरू काम्दै समाचार पढ्थे । उनीहरूको एउटै इच्छा हुन्थ्यो, समाचारमा आफन्तको नाम नभेटियोस् ।
>
> "नदीन ! अब हामी जनयुद्धमा होमिनुको विकल्प छैन ।" कलाले गम्भीर भएर एकदिन भनिन्, "म सालिक भइगएँ ।"
>
> "पुरानो सत्ता नढलेसम्म असमानता दलन र विभेद जारी रहनेछ । सयौँ फूलहरू फुटिरहनेछन् ।" कलाले भनेकी थिइन् । (पृ. २५४)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले कथित दलित युवक नदीनसँग बिहे गरेकै कारण आफ्नै बाआमाबाट घृणामा परेपछि

कला विभेदकारी, सामन्ती संस्कृति भत्काउन पनि सशस्त्र विद्रोहमा जानैपर्ने निर्णयमा पुगेको यथार्थ स्पष्ट पारेको छ। अनेक बहाना बनाएर नदीनले कलाको निर्णयको विरोध तथा अवरोध गरे तापनि ऊ देशमा सत्ताधारी र माओवादीका बिचमा सशस्त्र युद्ध, प्रतिरोध र चर्को दमन चलिरहेको अवस्थामा कला विद्रोही अभियानमा संलग्न भएको देखिन्छ। आफूले भोगेका अत्याचार, विभेदकारी, शोषणमुखी समाज र व्यवस्थाका भूमिका बुझेपछि ऊ त्यसलाई भत्काउन उत्पीडित जनता सशस्त्र जनविद्रोहमा सहभागी हुनै पर्ने निर्णयमा पुगेको देखिन्छ । आफ्नै बाआमाले गरेका घृणा, सामाजिक भोगाइका यथार्थबाट सचेत विद्रोही बन्दै गएकी कला कम्युनिस्ट विचारबाट निर्देशित हुँदै तीन महिनाकी अबोध छोरी छोडेर जनविद्रोहमा सहभागी भएकी छे। उपन्यासमा कलाको भूमिका सुरुदेखि अन्त्यसम्म नै भए पनि कतै उसका बारेमा नदीनले नै वर्णन, टिप्पणी गरेको छ भने थोरै ठाउँमा मात्र उसैलाई बोल्न दिइएको देखिन्छ। तर उपन्यासमा अन्धविश्वासी परम्परा अस्वीकार गर्ने, समग्र विभेद, शोषण, दमनको विरोध गर्ने, शोषक, सामन्तीहरूको प्रभुत्व अस्वीकार गर्ने, प्रतिगामी संस्कृतिको विरोध गर्ने, कम्युनिस्ट विचारधारामा प्रतिबद्ध तथा प्रतिरोधी गतिविधिमा संलग्नहरूको प्रतिनिधि पात्र कला नै रहेको देखिन्छ। कलामार्फत नारीहरू पनि सामाजिक रूपान्तरण र परिवर्तनका निम्ति सचेत र जिम्मेवार हुन्छन् भन्ने यथार्थको पक्षपोषण गरिएको छ। उपन्यासमा रामसागरकी बाहुनीले उसकै परिवारबाट लैङ्गिक हिंसा खेपेको देखिन्छ भने दलित केटासँग प्रेममा परेका कारण जातीय हिंसासमेत खेपेका मिथकबाट समकालीन क्रुर सामन्ती संस्कृति स्पष्ट पारिउको छ । उपन्यासमा कला बेनीको भिडन्तमा मारिएकी छ। उसका विद्रोही चेतनाले कतै विजय र न्याय पाएको छैन। यस्तो परिवेशले उत्पीडित वर्गमा नकारात्मक असर पर्ने देखिन्छ। उपन्यासमा कलालगायतका विद्रोहीहरूका विद्रोहात्मक गतिविधिले न्यायमूलक परिवेश कतै निर्माण गरेको देखिँदैन। यसर्थ उपन्यासमा नदीनकै कलामाफर्त गरिएको शान्तिपूर्ण विद्रोहको समर्थन गरिएको छ।

### १.५. **'मैदारो' उपन्यासका चरित्रमा वर्गीय पक्षधरता**

प्रस्तुत उपन्यासमा कथानकलाई पूर्णता दिने क्रममा नदीन सार्कीलाई सुरुदेखि अन्त्यसम्म नै मुख्य भूमिका दिइएको छ। नदीनकै गरिबी, अभाव, सङ्घर्षशील जीवन, वैचारिक पृष्ठभूमि, समस्या आदिका केन्द्रीयतामा उपन्यासका घटनाक्रमहरू सुरुवात भएर अन्त्यसम्म पुगेका छन्। बहुल पात्र रहेको यस उपन्यासमा घटना, सन्दर्भ वर्णनका क्रममा तानिएर आएका र बिचमा नै हराएका पात्रमध्ये कलाका बा, आमा, राजा वीरेन्द्र, रानी, नरबहादुर खड्का, स्कुलका शिक्षकहरू, हिम्मतसिंह, पुतली, रामसागर उपाध्याय, दीननाथ पण्डित, पुलिसहरू, इन्स्पेक्टर आदि अभिजात वर्गीय अहमृता बोकेका प्रतिनिधि पात्र हुन् भने अन्य पात्रहरूमा विद्यार्थीहरू, नदीनका बा, आमा, भाइ अमृत, बाटुली, आकाश गुरुङ, स्मरण गुरुङ, भडुवा सार्की वा मानवीर, खन्ते काका, रमन, अन्यायमा पारिएका शोषित, शासित, उत्पीडितका प्रतिनिधि पात्र हुन्। वामपन्थी राजनीतिमा सक्रिय नेता बनेकी परी थापा र पञ्च हिक्मतसिंह अवसरवादीका प्रतिनिधि पात्र हुन्। उपन्यासमा यादा पराजुली, परी थापाबाहेक निम्नि वर्गीय नारी पात्रहरू कला, ऋतु, बाटुली आदि कुनै न कुनै रूपमा दमन, उत्पीडनमा पारिएका छन्। उपन्यासमा पुरुषप्रधान सामाजिक संरचना, जातीय, वर्गीय विभेदयुक्त नेपाली समाज, नारीमाथि हुने गरेका शोषण, दमन, अत्याचारका यथार्थहरू स्पष्ट हुने परिवेश निर्माण गरिएको छ। अभिजात वर्गका शोषक, शासकले गरिबी, अभावमा बाँचेका दलित, उत्पीडित जातमाथि गरेका उत्पीडन विरुद्ध सचेत आवाज उठाउनुपर्छ भन्ने परी थापाले विद्यार्थीहरूलाई अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियनमा आबद्ध गराएको परिवेश छ। विद्यार्थीहरूले समग्र उत्पीडन, विभेदका विरुद्धमा सचेतनामुखी कार्यक्रम गरेका परिवेशले सचेत विद्रोहको पक्षपोषण गरेको छ। उपन्यसमा यसरी विद्यार्थीकालदेखि नै कम्युनिस्ट विचारबाट प्रशिक्षित पात्रहरूमध्ये कलामात्र सचेत विद्रोहमा सहभागी भएको देखिन्छ। अन्य पात्रहरूमा चित्रा ढकाल, शारदा सुवेदी, हिरालाल बोहरा, पुकार पौडेल आदिको भूमिका कतै देखिँदैन। यसले उत्पीडनमा पर्नेले मात्र अत्याचार विरोधी आन्दोलनमा लाग्ने हो त ? भन्ने प्रश्न सिर्जना गरेको छ।

उपन्यासमा आएका पात्रहरूमध्ये तत्कालीन पञ्च तथा कर्मचारीको प्रतिनिधि पात्र हिक्मतसिंहले पुतलीसँग बिहे गरेको छ भने बाटुली सर्किनीमाथि शारीरिक शोषण गरेको छ। यी दुवै निरीह छन्, एकआपसमा लडाई, झगडा गरेका छन्। यसले शासकका चरित्र स्पष्ट पारेको छ। शोषण, उत्पीडन विरुद्ध सचेत हुँदै गएकी, अँधेरी गाउँका दलित युवतीहरूकी प्रतिनिधि पात्र ऋतुको कथित उपल्लो जातको केटासँगको प्रेम सम्बन्ध असफल हुनु तथा माटो लिन जाँदा मरेको परिवशले दलित

विद्रोह कमजोर बनेको छ। वामपन्थी सङ्गठन विस्तारमा सक्रिय परी थापा शक्ति, सत्ता लालची बनेको परिवेशले तिनका अवसरवादीका स्वर्थी चरित्र उद्घाटन गरेको छ। कम्युनिष्ट प्रशिक्षणबाट कला, नदीन, ऋतुलगायत गाउँका केही विद्यार्थी युवाहरू वर्गीय शोषण, दमनबारे सचेत बन्दै गएका छन्।

सचेत जनविद्रोह सकारात्मक परिवर्तनका निम्ति हुन्छ तर उपन्यासमा उत्पीडन विरुद्ध लागेका विद्रोही कतै मारिएका छन्, कतै लखेटिएका छन्। यस्तो परिवेशले निम्नवर्गीय जनतामा निराशा जन्माउँछ। स्वभाविक रूपमा विद्रोहीभन्दा सत्ताधारी शासकहरू शक्तिशाली हुन्छन् तर मार्क्सवादबाट निर्देशित सचेत विद्रोहमा सत्ताधारीसँग भिड्न सक्ने शक्तिशाली नबन्दासम्म छापामार शैली र सचेतना विकास अभियानलाई प्राथमिकता दिइएको हुन्छ। यस उपन्यासमा नदीनजस्ता उत्पीडित पात्रमा पनि त्यस्तो विशेषता देखिँदैन। उत्पीडक शक्तिले सशस्त्र दमन गर्दा उत्पीडित जनता, छापामार एक भएर प्रतिरोधी युद्धमा होमिदा पनि विद्रोही योद्धा कमजोर भई धेरै मारिएका छन्। बेनीको भिडन्तमा कलालगायत थुप्रै विद्रोही छापामारहरू मारिनु जनविद्रोहको दुःखद परिणाम हो। यसले उनीहरूको समग्र दमन, शोषण, विभेद, सामन्तवादी सत्ता फालेर आमूल परिवर्तन गर्ने सपना अधुरो भएको छ। दलित, उत्पीडित वर्गीय उत्थानका निम्ति सशक्त र सशस्त्र विद्रोहमा सहभागी हुँदा मारिएको देखाएर सशस्त्र विद्रोह गरे पनि उत्पीडित वर्गीय मुक्ति सम्भव नहुने गलत विचार यसले सम्प्रेषण गर्ने देखिन्छ। यस्तो परिवेश निर्माण गर्नुमा आख्यानकारका विचार र चेतनाले पनि काम गरेको देखिन्छ। लुश्युनका अनुसार प्रगतिशील लेखकहरू सामाजिक परिवर्तनहरू र प्रगतिबाट पुरानो समाज नष्ट भई नयाँको उदयबाट प्रभावित हुन्छन्, क्रान्तिपछि देखापर्ने केही साहित्यकारले भने आफ्ना रचनामा पुरानोको विनाशमा शोक व्यक्त गरेका हुन्छन्, क्रान्तिसँगै परिवर्तन हुन नसक्नु तिनीहरूको समस्या हो (लुश्युन, २०६७, पृ. ३८८)। प्रस्तुत उपन्यासमा पनि सदियौँदेखिको दलन, उत्पीडनमा पारिएको नदीन सशक्त प्रतिरोधी, विद्रोही नहुनु तथा निकै कमजोर, रुन्चे हुनु, शान्तिपूर्ण विद्रोहमा लाग्नु, कला विद्रोही निस्कँदासमेत बाध्यताले समर्थन गर्नु, सदियौँदेखि आफैँमाथि थोपरिएका दलन, विभेदका विरुद्धमा आफ्नो वर्गको नेतृत्व गरी सशक्त विद्रोहमा जाने आँट नगर्नु, विद्रोहप्रति प्रतिबद्ध नहुनु, उन्मुक्तिको खोजी गर्दै सशस्त्र विद्रोहमा सहभागी भएकी कला मारिँदा विद्रोही पक्षलाई नै नकारात्मक दृष्टिले मूल्याª\Sन गर्नु आदि सबै उपन्यासकारका यस्तै मनोविज्ञान तथा चिन्तनगत आधारले निर्माण गरेको प्रतिक्रिया रहेको देखिन्छ। यस्ता पात्रमार्फत शोषक, सामन्तीलाई नै हौसला मिल्छ। नदीनमा विद्रोही भावना, वर्गीय पक्षधरतायुक्त सचेतना छ तर सशक्त विद्रोह गर्ने आँट किन देखिँदैन ? यही कमजोरी अध्ययन गर्दा यस पात्रलाई कुनै विचार र उद्देश्यअनुरूप लगाम लगाएर नियन्त्रण गरिएको जस्तो देखिन्छ। यही कुरा उपन्यासमा यसरी आएको छ :

> "बिना तर्क आफ्नो विचारबाहेक हरेक अर्को विचारलाई यथास्थितिवादी सोच्नु सन्तुलित र वस्तुगत चिन्तन होइन कला। बौद्धिकहरू यसबाट जोगिनुपर्छ क्रान्ति उन्माद होइन समयले सुम्पेको महान् जिम्मेवारी हो।"
>
> "हो, कला यो विभेद र शृङ्खलाबद्ध अपमानको जरा उखेल्न सजिलो छैन। म यसको भुक्तभोगी हुँ तर
> क्रान्ति सिर्जनशील काम हो। क्रान्तिकारीहरू सिर्जनशील काम गर्छन्। विध्वंश तिनीहरू गर्छन् जो सिर्जनशील हुँदैनन्। म त राज्य र विद्रोही दुवै पक्षबाट विध्वंशात्मक काम भएको मात्र देख्छु।"
>
> "ध्वंस नभई नवसिर्जना पनि त हुँदैन।" (पृ. २५५)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशबाट वर्गीय, जातीय विभेद र उत्पीडनबारे कलाभन्दा बढी जानकार र परिपक्क रहे तापनि विद्रोही कार्यक्रममा नजान अनेक बहाना बनाउने नदीन कलाभन्दा कमजोर देखिनुमा उसको सुधारवादी चेतले काम गरेको यथार्थ स्पष्ट भएको छ। सुधारवादी नीतिले विद्यमान सामाजिक संरचनालाई ध्वस्त पार्ने उद्देश्य लिएको हुँदैन बरु विद्यमान सामाजिक व्यवस्थाअन्तर्गत त्यसमा विनाशको खतरामा पुग्ने सीमासम्म सङ्घर्षलाई सीमित राख्न खोज्दछ (श्रेष्ठ, २०५६, पृ. १५३)। सुधारवादी विचार लिएका पात्रहरूले आमूल परिवर्तनको खोजी गरेका हुँदैनन्। यस्तै सामान्य सुधारमा नै सन्तोष मान्ने प्रवृत्ति शिक्षित तर उत्पीडित नदीनमा रहेको देखिन्छ। यो उसको चरित्र सुहाउँदो स्वभाव देखिँदैन।

उपन्यासमा विभेदकारी, शोषणमुखी सामाजिक संरचना, व्यवस्थाले हुर्काएका हिम्मतसिंह, झङ्क थापाजस्ता शोषक पात्रहरू सामान्य सुधार पनि नगर्ने मनस्थितिमा हुँदा बहुदल आएपछि पनि चर्को जनदमनमा उत्रिएका छन्। जनताद्वारा नयाँ क्रान्तिकारी सत्ता स्थापना गरिए पनि यस्ता शोषक सत्ताधारीहरू आफ्नो गुमेको सुख र स्वर्ग फिर्ता लिनका लागि दोब्बर शक्तिका साथ भयङ्कर हिंसात्मक उपायको सहारा लिने गर्दछन्। यस्तो स्थितिमा क्रान्तिका उपलब्धिहरूलाई जोगाउन तथा क्रान्ति विरोधी

शक्तिहरूको प्रतिरोध गर्न क्रान्तिकारी वर्गले सशस्त्र प्रतिरक्षाको उपाय गर्नैपर्छ (श्रेष्ठ, २०५६, पृ. १७८) । उपन्यासमा सोही कारण पीडित जनताले समतामूलक एवं न्यायमूलक समाजको खोजी गर्दै जनयुद्धको सुरुवात गरेको देखिन्छ । दलित प्रतिनिधि नदीन समाजका सामन्तहरूबाट डामिएको, पुलिसलगायत प्रशासनका कर्मचारीहरूबाट हेपिएको, लखेटिएको, नचाहेर पनि सामान्य विद्रोही गतिविधिमा संलग्न हुँदा सबैभन्दा दोषी ठहरिएको छ। पटकपटक धम्की, यातना खेपेको नदीन कलाका माध्यमबाट शान्तिपूर्ण विद्रोह गरेर सामाजिक सुधार हुने पक्षमा छ भने कला सदियौँदेखिको उत्पीडन, विभेद, दमनबाट मुक्तिका निम्ति सशक्त विद्रोह गर्नैपर्ने पक्षमा रहेको देखिन्छ। यसर्थ उपन्यासमा शान्तिपूर्ण विद्रोह र सशस्त्र विद्रोहका बिचमा समेत द्वन्द्व रहेको छ । सधैँ आशावादी, कठोर, विद्रोही स्वभावकी कलाले समग्र विभेदी जन्माउने शोषणमुखी, विभेदकारी सामाजिक व्यवस्था, राज्यसत्ता भत्काउनै पर्ने यथार्थमा प्रतिबद्ध हुँदै जनयुद्धमा सहभागी बनेको देखिन्छ। त्यसमा नदीनको सहयोग बाध्यात्मक स्थिति बनेको छ। यसर्थ उपन्यासकारले कलालाई नायकत्व प्रदान नगरी नदीनलाई नायकत्व प्रदान गर्नुमा पनि सुधारवादी चेतले काम गरेको देखिन्छ । सशस्त्र विद्रोहमा कला मारिएपछि रुन्चे, विद्रोहलगायत हरेक समस्याबाट भाग्न खोज्ने काँतर स्वभावको नदीनले सन्तानको समेत बेवास्ता गर्दै सती गएको छ। यसले उत्पीडित जनताका विद्रोह, प्रतिरोधलाई निराशातिर धकालिने देखिन्छ।

प्रस्तुत उपन्यासमा जोडिएका, गरिबी, अभावमा सङ्घर्ष गर्दै स्वाभिमानी जीवन बाँचेका, अशिक्षित रहे तापनि दलन, उत्पीडनबारे सचेत बनिसकेका विद्रोही भडुवा सार्की वा मानवीर बाजेमा पनि उत्पीडित वर्गीय पक्षधरता सशक्त रहेको छ। उनी नयाँ पुस्तालाई सचेत, सशक्त विद्रोह गर्नुपर्ने सचेतना थपिदिने पात्र हुन् । उत्पीडित वर्गीय उत्थानका निम्ति उत्पीडित जनता नै सङ्गठित भएर सचेत विद्रोह गर्नुपर्ने कुरामा भडुवा सार्की स्पष्ट रहेको देखिन्छ। यही स्पष्टता नदीनमा देखिँदैन। समाजमा व्याप्त शोषण, दमन, विभेद, दलनको विरोध गर्ने, न्यायको खोजी गर्ने तथा उत्पीडित वर्गीय जनतालाई सचेत बनाउँदै हिँड्ने मानवीर उत्पीडक वर्गका दृष्टिबाट भँडुवा बनेको देखिन्छ। पुराना पुस्ताका मानवीरको जति सचेत विद्रोही तथा प्रतिरोधी भावना पढेलेखेको नदीनमा विकास नहुनुमा उपन्यासकारको विचारको लगामले काम गरेको देखिन्छ। त्यस्तै कला आफ्नो निर्णयमा अडिक रहने, कठोर निर्णय लिन सक्ने, सचेत विद्रोही नारी भए पनि बेनीको युद्धमा मारिएको देखाएर उपन्यासमा उत्पीडित जनताका विद्रोही चेतनामा आघात पुग्ने स्थिति सिर्जना गरिएको छ। यसर्थ उपन्यासमा सचेत विद्रोहमा लागेका प्रतिबद्ध पात्रले उत्पीडित वर्गीय उत्थान, समतामूलक, न्यायमूलक समाज निर्माणका निम्ति गरेका सकारात्मक क्रियाकलापको वर्णन छैन । उत्पीडित वर्गीय विद्रोह तथा प्रतिरोधमाथि हौसला थप्ने अग्रगामी विचार उपन्यासमा आएको देखिँदैन । कला मारिएपछि नदीनले विद्रोहीहरूका गतिविधिमाथि गरेको टिप्पणीमार्फत विद्रोही नेतृत्वमाथि गरिएको घृणा उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> ... मारिएका माओवादी छापामारहरू मात्र थिएनन् । सशस्त्र युद्धको रोमाञ्चक व्याख्या गरेर कला र अन्यलाई लासको पहाडमा थुप्रिन उकास्ने अनुहारहरू सम्झेर म दाह्रा किटी रहेको थिएँ। पत्रिकामा छापिएका अन्तर्वार्तामा उनीहरू जितको हुँकार गरिरहेका थिए। यता कला र विद्रोही छापामारहरू पूरै जीवन हारिरहेका थिए। उनीहरूलाई मुटुको टुक्रालाईझैँ माया गर्ने बाआमा र आफन्तहरू हारिरहेका थिए। विष्ट काका हारिरहेका थिए, म हारिरहेको थिएँ। म कलासँग मिलेर जीवनको अन्तिम छेउसम्म पुग्न चाहन्थेँ। आफ्नो लासलाई अमर राख्न लासको पिरामिड निर्माण गरिरहेका आधुनिक फराओहरूले मबाट कलालाई खोसेर लगिदिएका थिए। सञ्जीवनीबाट उसकी प्यारी आमालाई खोसेर लगेका थिए। (पृ. ३०७)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशमा कला मारिएपछि नदीनले उत्पीडित वर्गीय उत्थानका निम्ति सशस्त्र प्रतिरोधमा उत्रिएका विद्रोहीहरू र नेतृत्वप्रति नै घृणा गरेको कुरा स्पष्ट आएको छ । तत्कालीन सत्ताधारीले विद्रोहीहरूमाथि सशस्त्र दमन गरेको अवस्थामा जनयुद्धमा सहभागी भएकी कला कुनै दिन मार्ने वा मर्ने स्थितिमा पुग्छिन् भन्ने यथार्थ अनुमान गर्न सक्ने नदीनले कला मारिएपछि छोरीलाई छोडेर मर्न जाँदा छोरीले पनि आफैँले जस्तो दमन, शोषण भोग्नुपर्छ, उसकै उज्ज्वल भविष्यका निम्ति पनि सचेत विद्रोह गर्नुपर्छ भन्ने हिम्मत गर्दैन । नदीनले आफ्नै अबोध छोरी सञ्जीवनीमाथि पनि न्याय गरेको छ। तीन महिनादेखि बाउआमा दुवैले छोडेकी छोरी सञ्जीवनी करिब तेह्र महिना पुग्दा कला मारिएको देखिन्छ। कलाले भन्दा जटिल सामाजिक विभेद, उत्पीडन खेप्नुपर्ने परिस्थितिमा उसकी छोरी रहेको देखिन्छ। छोरीलाई बेवास्ता

गर्दै नदीनले आत्महत्या गर्नु नालायकीपन देखिन्छ । कलासँगको गहिरो प्रेमको चिनो उसकी छोरी सञ्जीवनीले अबोध अवस्थाबाटै जातीय, वर्गीय उत्पीडन भोग्नुपर्ने निश्चित छ । वर्गीय, जातीय उत्पीडन बुझेको नदीनले परिवारमाथि पर्न सक्ने थप सङ्कटसमेत बेवास्ता गरेको छ । मरिसकेकी कलाकै प्रेममा एकोहोरिनु, अबोध छोरीको भविष्य अन्धकार हुने यथार्थको बेवास्ता गरी आत्माहत्याको बाटो रोज्नुजस्ता कमजोरीहरू नदीनमा देखिन्छ । वर्गीय उत्पीडनका विरुद्ध सङ्घर्ष गरिरहेको भौतिकवादी पात्रमा यस्ता कमजोरी हुनु अस्वभाविक देखन्छ । ऊ यस्तो कमजोर हुनुमा आख्यानकारकै मनोविज्ञानले पनि काम गरेको अनुमान लगाउन सकिन्छ । छोरीकै भविष्यप्रति आशावादी बनेर सङ्घर्ष, विद्रोह गर्न सक्ने हिम्मत, आँट नदीनमा हुनुपर्नेमा त्यस्तो चरित्र नदेखिँदा आशङ्का सिर्जना हुन्छ । उपन्यासमा सञ्जीवनीका बाउ छोरीको सम्बन्ध पनि प्राकृतिक नभएर कृत्रिम देखिन्छ । छोरीप्रति माया र विश्वास नदीनमा देखिँदैन । आख्यानकार सञ्जीवनीको उमेर, समय सन्दर्भ, उसका बालसुलभ प्रतिक्रिया, अनुभूति चित्रणमा पनि चिप्लिएको देखिन्छ । उपन्यासमा नदीनले आत्महत्याको बाटो रोज्दा २०६० सालमा सञ्जीवनी तीन महिनाकी भनिएको (पृ. ३४) छ भने छोरीको जन्म २०५९ साल पुस १५ गते भएको वर्णन पाइन्छ। छोरी छोडेको करिब एक वर्षपछि कला मारिएपछि नदीन घर आउँदा छोरीले "किन लुनुभएको नलुनु" भन्दै आँसु पुछिदिई, आमालाई कथले मालेको ? (पृ. ३०५) भनी प्रश्न गरेको अस्वाभाविक देखिन्छ । एक वर्षका बालकले परिस्थिति बोध गरेर त्यस्ता प्रतिक्रिया दिन्छन् र ? लामो समय नदेखेका बाआमासँग कस्ता व्यवहार गर्छन् ? भन्ने अनुभवमा आख्यानकार चिप्लिएको देखिन्छ । २०६५ सालमा सञ्जीवनीले आफ्नै बाउको चित्र कोरेको वर्णन गरी नदीनजस्तै चित्रकार बन्ने सङ्केत गरिए पनि उमेरअनुसार स्वाभाविक देखिँदैन । त्यस्तै गरी उपन्यासमा भीरमा अचेत भई अड्किएको नदीनलाई पाँच वर्षपछि जीवीतै आएको असम्भव कथन विश्वासिलो बनाउन अथक प्रयास गरिएको छ । नदीनका भूमिकाबाट सदियौँदेखि उत्पीडनमा पारिएका जनताले सचेत विद्रोह गरेर उन्मुक्तिको बाटो खोज्नुपर्ने यथार्थलाई ओझेलमा पारिएको छ । यो यस उपन्यासको कमजोर पक्ष हो । यसर्थ उपन्यासमा तत्कालीन समाजिक यथार्थमा आधारित कथानक, पात्र, परिवेश चयन गरी उत्पीडित वर्गीय पक्षधरता देखाइए तापनि अग्रगामी चिन्तन देखिँदैन । ग्रामीण भूभागका पारिवारिक, सामाजिक समस्या, परिवशेश, विद्रोही चेतनालाई नदीनकै दृष्टिकोणबाट टिप्पणी गरिएको छ । उपन्यासमा वर्गीय पक्षधरता दर्शाइ समयुगीन परिवेश चिनाउने प्रयास गरिएको छ ।

### १.५ निष्कर्ष

प्रस्तुत उपन्यासमा निम्नवर्गीय दलित जनताका उत्पीडनबाट विषयवस्तु उठान गरिएको छ । विद्यालयमा अध्ययनरत युवाहरू पञ्चायत विरोधी आन्दोलनपछि भूमिगत शैलीमा परी थापाजस्ता पात्रको नेतृत्वमा सचेतना विकासमा सहभागी भएका छन् । शोषणमुखी व्यवस्था विरोधीहरूको दमनमा लागेका शोषक, शासक, सामन्तीहरू बहुदल आए पनि फेरि शक्ति, सत्तामा पुगेका छन् । सशस्त्र जनदमन भएपछि विद्रोहीले सशस्त्र जनयुद्धको सुरुवात गरेको परिवेश छ । त्यस्तैगरी हलिया प्रथाको अन्त्य हुनुपर्छ, आर्थिक रूपमा सबल बन्न श्रमको मूल्य नगदमा लिनुपर्छ भन्ने मानवीरका सशक्त विचारमार्फत उत्पीडित वर्गीय विद्रोहको समर्थन र पक्षपोषण गरिएको छ । तर नदीनमा त्यही सचेतना कमजोर रहेका कारण सशक्त विद्रोह सफल भएको देखिँदैन । बामपन्थी राजनीतिक विद्रोह शक्ति, सत्ता मोहसँग जोडिएको छ । यसले दलाल, अवसरवादी विद्रोहीका चरित्र स्पष्ट पारेको छ । क्षेत्रीकी छोरी कलाले नदीन सार्कीसँग प्रेम विवाह गरेपछि विभेदी समाज, व्यवस्था विरुद्ध अझै सचेत विद्रोहमा लागेको देखिन्छ । हिम्मतसिंहजस्ता तत्कालीन समाजका शोषक, शासक, सामन्तीहरूले निमुखा, दलित वर्गका छोरी, बुहारीमाथि यौनजन्य हिंसालगायत जस्तासुकै दमन, शोषणसमेत गर्ने यथार्थ पुतली, बाटुलीमाथि गरिएका अत्याचारमार्फत उद्घाटन गरी त्यस्ता पात्रप्रति घृणाभाव सिर्जना गरिएको छ । आख्यानमा कस्ता चरित्रको पक्षपोषण गर्ने, कुन वर्गको पक्षधरता लिने भन्ने कुरा आख्यानकारको सचेतना र विचारमा भर पर्दछ । यस उपन्यासमा उत्पीडित वर्गीय पक्षधरता प्रस्तुत गर्नकै निम्ति ग्रामीण भूभागमा उत्पीडन, दलनमा पारिएका आम जनताका प्रतिनिधि पात्र नदीन सार्कीलाई नायक बनाइएको छ । भँडुवा सार्की, कला, पुतली, बाटुली, रामसागरकी बाहुनी आदि पात्रहरूमाथि गरिएका शोषण, उत्पीडनका परिवेशहरू सन्दर्भअनुसार वर्णन गरेर उत्पीडितका समस्या उद्घाटन गरिएको छ । कलाका बाआमा, दिननाथ पण्डित, हिम्मतसिंह, झङ्क थापाजस्ता सामन्तीका विभेदकारी विचार स्पष्ट आएको छ । यसर्थ उपन्यासमा उत्पीडक

वर्गका कुपित चरित्र, प्रवृत्ति स्पष्ट पार्दै उत्पीडित वर्गीय सचेतना विकासमा जोड दिइएको छ । उत्पीडितको शान्तिपूर्ण विद्रोहको समर्थन गरिएको छ । निम्नवर्गीय पक्षधरता रहे तापनि सचेत पात्र कलालाई सहायक भूमिका दिई विद्रोहीका विद्रोह, प्रतिबद्धता, प्रतिरोध छायामा पारिएको छ । शान्तिपूर्ण विद्रोह र सशक्त, सशस्त्र विद्रोहका बिचमा अन्तरविरोध रहेको छ। शान्तिपूर्ण विद्रोह, सुधारवादको पक्षधर नदीन र सशस्त्र क्रान्तिको पक्षधर कलामध्ये कला मारिनु, नदीनले निराश बनी आत्महत्या गरेको परिवेशबाट उपन्यासमा उत्पीडित वर्गीय उत्थानका गतिविधिलाई अलपत्र पारिएको छ। कम्युनिस्ट विद्रोहका ठेली पढेको नदीन कलाले जस्तै छोरीले समेत जातीय, वर्गीय, लैङ्गिक विभेद खेप्नुपर्छ भन्ने कुरामा किन सचेत भएन ? गाउँघरदेखि सहरमा समेत पटकपटक दमन, उत्पीडनमा परेको नदीनले अग्रगामी विद्रोह र प्रतिरोधलाई निरन्तरता दिनुपर्ने यथार्थबाट टाढिएर आत्माहत्याको बाटो किन रोज्यो ? जस्ता प्रश्नहरू यसले जन्माएको छ । ऊ जीवित आएको बनाउन अनेक कथन जोडिए पनि विश्वासलाग्दो छैन। अन्य दलित गाउँले सचेत विद्रोहका लागेको परिवेश देखिँदैन। यसर्थ उपन्यासमा निम्नवर्गीय पक्षधरता रहे तापनि सचेत विद्रोह कमजोर रहेको देखिन्छ।

**सन्दर्भ ग्रन्थसूची**


आफानास्येभ, भिक्टर (२०५४), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* अनु. राजेन्द्र मास्के, काठमाडौँ : सहभागी प्रकाशन

आफानास्येभ, भेक्टर (२०७८), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* अनु. कृष्ण प्रकाश श्रेष्ठ, काठमाडौँ : स्वदेश प्रकाशन

उप्रेती, सञ्जीव २०६८, *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रिएसन नेपाल ।

ग्रेवाल, ओमप्रकाश (२०६७), विचारधारा र साहित्यको अन्तर्सम्बन्ध, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा.), निनु चापागाइँ, ललितपुर : साझा प्रकाशन ।

चापागाइँ, निनु (२०७१), 'प्रगतिवादी साहित्य र यसका विशेषता', *जुगल सैद्धान्तिक नेपाली समालोचना* (सम्पा.), राजेन्द्र सुवेदी काठमाडौँ : जुगल पब्लिकेसन ।

ज्ञवाली, रामप्रसाद (२०६८), 'नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रि.वि. डिनको कार्यालय, कीर्तिपुर ।

पाण्डेय, मैनेजर (२०६७), साहित्य र सर्वहारा, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा.), निनु चापागाइँ, ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०६८), *अर्थको आनन्द,* काठमाडौँ : विवेकशील प्रकाशन प्रा.लि. ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सवाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक-वर्गीय लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेश (२०७८.), 'मार्क्सवाद र सांस्कृतिक अध्ययन', *मार्क्सवादी सौन्दर्यचिन्तन* (सम्पा.), गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

भूपिन (२०७५), *मैदारो,* काठमाडौँ : बुक-हिल पब्लिकेसन ।

लुश्युन (२०६७), 'क्रान्तिकालको साहित्य', *मार्क्सवादी साहित्य चिन्तन* (सम्पा.), निनु चापागाइँ, ललितपुर : साझा प्रकाशन ।

लेनिन, भ्ला.इ.(सन् १९८५), *राज्य र क्रान्ति,* अनु. कृष्णप्रकाश श्रेष्ठ. काठमाडौँ : जनसाहित्य प्रकाशन समूह ।

लेनिन, भ्ला. इ. (२०६३), *राज्य र क्रान्ति,* अनु. कृष्णप्रकाश श्रेष्ठ, काठमाडौ : जनसाहित्य प्रकाशन समूह ।

श्रेष्ठ, कृष्णदास (२०५६), *ऐतिहासिक भौतिकवाद,* काठमाडौँ : जनसाहित्य प्रकाशन ।